प.सं. :- ०८१/८२

च.नं. :- ४२२

मिति :- वि.सं. २०८१/१२/०६

ने.स. :- ११४५ चिल्लागा ५ बुधवार

## विषयः लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने सम्बन्धमा ।

श्री टेलिभिजन
(८९ वटा)

विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ को दफा ९(१) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारणका गर्न निवदेन दिएका विद्युतीय सञ्चारमाध्यमहरु मध्ये लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका ४३२ वटा रेडियो तथा एफ.एम. र ८९ वटा टेलिभजनहरुले आ.ब. ०८१/०८२ का लागि बोर्डको वेभसाइट www.adboard.gov.np मा राखिएका टेलिभिजनका लागि लोककल्याणकारी विज्ञापन सामग्री (TVCs) १९ वटा र रेडियो तथा एफ.एम. रेडियोका लागि लोककल्याणकारी विज्ञापन सामग्री (PSAs) ४० वटा **मिति २०८१ चैत्र ११ गते**बाट देहायको समय वर्गीकरण तालिका र शर्तहरुको अधिनमा रही प्रसारण गर्नु हुन अनुरोध छ । लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका ८९ वटा टेलिभिजन तथा ४३२ वटा रेडियो तथा एफ.एम. हरुको सुची बोर्डको बेवसाइटमा राखिएको व्यहोरा समेत अनुरोध छ ।

**१. आ.ब. ०८१/०८२ मा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको समय वर्गिकरण तालिकाः**

**(क)** टेलिभिजन (केवल, भू-सतही, भू-उपग्रह) तर्फ

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| ५९ मिनेट | सुपरप्राइम (५० प्रतिशत) | साँझ ७ बजेदेखि बेलुका ९ बजेसम्म | दिनमा कम्तिमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |
| ४२ मिनेट | प्राइम (४० प्रतिशत) | बिहान ७ बजेदेखि बिहान ९ बजेसम्म<br>राती ९ बजेदेखि राती १० बजेसम्म | हप्ताको ५ दिन (सोमबार र मंगलबार बाहेक) १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेवसाइटः https://adboard.gov.np/

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| २२ मिनेट | सामान्य (१० प्रतिशत) | बिहान ६ बजेदेखि बिहान ७ बजेसम्म<br>बिहान ९ बजेदेखि बिहान १० बजेसम्म<br>साँझ ५ बजेदेखि साँझ ६ बजेसम्म | बिहिबार, शुक्रबार र शनिबार १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |

**ख) <u>रेडियो तथा एफ.एम. रेडियो तर्फ</u>**

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| १९८ मिनेट | सुपरप्राइम (५० प्रतिशत) | बिहान ६ बजेदेखि बिहान ८ बजेसम्म<br>साँझ ६ बजेदेखि साँझ ८ बजेसम्म | दिनमा कम्तिमा ३ स्पट प्रसारण भएको हुनुपर्ने। विहान वा बेलुका मात्र प्रसारण नगरी दुबै समयमा प्रसारण गर्ने । |
| १४५ मिनेट | प्राइम (४० प्रतिशत) | बिहान ८ बजेदेखि बिहान ९ बजेसम्म<br>बेलुका ८ बजेदेखि बेलुका ९ बजेसम्म | विहान १, बेलुका १ गरि दिनमा कम्तीमा २ स्पट र शनिबार विहान २ र बेलुका २ गरी कम्तीमा ४ स्पट प्रसारण गर्ने। |
| ३९ मिनेट | सामान्य (१० प्रतिशत) | बिहान ९ बजेदेखि दिउँसो ११ बजेसम्म<br>राती ९ बजेदेखि राती ११ बजेसम्म | दिनमा कम्तीमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |

२. **<u>शर्तहरु:</u>**

(क) विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ का आधारमा लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले बोर्डबाट स्वीकृत वर्गीकृत समय तालिका अनुसार **<u>२०८१ चैत्र १७ गतेभित्र</u>** लोककल्याणकारी विज्ञापन प्रसारण तालिका (Broadcast Schedule) तयार गरी विज्ञापन बोर्ड र रकम भुक्तानी गर्ने सम्बन्धित हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) रेडियो तथा टेलिभिजनहरुले पठाएको प्रसारण तालिका (Broadcast Schedule) अनुसार विज्ञापन प्रसारण भए नभएको अनुगमन बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले गर्नेछन् ।

(ग) सम्बन्धित निकायले अनुगमन तथा निरीक्षणका क्रममा सञ्चारमाध्यमले तोकिएको समयमा प्रसारण तालिका बमोजिम विज्ञापन प्रसारण गरेको नपाईएमा भुक्तानी दिइनेछैन ।

(घ) विज्ञापन बोर्डले पठाएका विज्ञापनहरु आफु खुसी सम्पादन गरी प्रसारण गर्न पाइने छैन र त्यसो गरेको पाइएमा भुक्तानी गरिनेछैन ।

(ङ) विज्ञापन बोर्डले पठाएका लोककल्याणकारी विज्ञापन सम्बन्धित रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत थप समय र अबधिमा प्रसारण गर्न चाहेमा प्रसारण गर्न सक्नेछन् ।त्यसरी प्रसारण गरे वापत बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयले थप भुक्तानी दिने छैन ।

(च) कुनै कारणवश प्रसारण अवरुद्ध भई लोककल्याणकारी विज्ञापन प्रसारण हुन नसके तत्काल बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयलाई जानकारी गराई अवरुद्ध समयावधिभरको विज्ञापन अन्य दिनहरुमा **२०८२ जेष्ठ १५ गतेभित्र** प्रसारण गर्ने व्यबस्था मिलाउनु पर्नेछ र सोको जानकारी बोर्ड, हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुलाई गराउनु पर्नेछ ।

(छ) बोर्डले तोके बमोजिमको प्रसारण तालिका अनुसार प्रसारण नगरी कम अबधि प्रसारण गरेमा कम अबधि प्रसारण गर्ने रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुलाई प्रसारण गरेको आधारमा लोककल्याणकारी विज्ञापन वापतको रकम प्रसारण अनुपातका आधारमा भुक्तानी गरिनेछ ।

(ज) बोर्डले स्वीकृत गरेको समय वर्गिकरण तालिकाका आधारमा प्रसारण गर्ने संस्थाले पेश गरेको प्रसारण तालिका (Broadcast Schedule) अनुसार लोककल्याणकारी विज्ञापन प्रसारण गरेको नपाइएमा भुक्तानी गरिने छैन ।

(झ) रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले लोककल्याणकारी विज्ञापन सामग्री वि.सं. **२०८२ जेष्ठ १५ गतेभित्र** प्रसारण गरी **जेष्ठ २२ गतेभित्र** बोर्ड, हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा भुक्तानीको लागि माग गर्नु पर्नेछ ।

(ञ) भुक्तानीको समयमा बोर्ड, हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयले विलका अतिरिक्त कर चुक्ता प्रमाणपत्र, इजाजत पत्र र लाईसेन्स लगायतका कागजात पेश गर्नु पर्नेछ ।

(ट) एउटै विज्ञापन लगातार प्रसारण नगरी सबै विज्ञापनहरु क्रमशः प्रसारण गर्नु पर्नेछ । सकेसम्म उपयुक्त समयमा उपयुक्त विज्ञापन प्रसारण गर्नु पर्नेछ ।

(ठ) महिला, दलित तथा अन्य पिछडिएको समुदायबाट सञ्चालित एफ.एम. रेडियो र टेलिभजनहरुले थप २५ प्रतिशत भुक्तानी समेत माग गरेको भए विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ को दफा २१ को उपदफा २ र ३ बमोजिमका कागजातहरु समेत संलग्न राखी भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

चालु आ. व २०८१/८२ मा तयार गरिएका नयाँ लोककल्याणकारी विज्ञापनहरुका साथै गत वर्षका लोककल्याणकारी विज्ञापनहरु (*विज्ञापन प्राप्त गर्न Link मा क्लिक गर्नुहोला*) देहाय बमोजिम रहेकोले प्रसारणको अनुमति भएको जानकारी गराईन्छ ।

| | चालु आ.ब. का विज्ञापनहरु | TVCs Link: |
|---|---|---|
| १ | बालबालिकालाई अनलाइन दुर्व्यबहारबाट बचाऔं | अनलाइन दुर्व्यबहार |
| २ | अनलाइनबाट वित्तीय कारोबार गर्दा सुरक्षित रहने | वित्तीय कारोबार |
| ३ | मुटुलाई माया गर्ने सम्बन्धी | मुटुलाई माया |
| ४ | स्वदेशमा रोजगारीको अवसर सृजना गर्ने सम्बन्धी | स्वदेशमा रोजगारी |
| | **गत आ.ब. का विज्ञापनहरु** | **TVCs Link:** |
| १ | बैदेशिक रोजगार सम्बन्धी | BAIDESHIK ROJGARI TVC VIDEO LINK |
| २ | साइबर बुलिङ सम्बन्धी | CYBERBULLYING TVC VIDEO LINK |
| ३ | डिजिटल हिंसा विरुद्ध सचेतना सम्बन्धी | DIGITAL HINSA TVC VIDEO LINK |
| ४ | मानसिक स्वास्थ्य सम्बन्धी | MENTAL HEALTH RELATED TVC VIDEO LINK |
| ५ | सामाजिक सचेतना सम्बन्धी | COUNTRY TVC VIDEO LINK |
| ६ | धार्मिक सहिष्णुता सम्बन्धी | DHARMIK TVC VIDEO LINK |
| ७ | मिडिया साक्षरता सम्बन्धी | MEDIA LITERACY TVC LINK |
| ८ | विद्यालय शिक्षा सम्बन्धी | SCHOOL PUNISHMENT RELATED TVC VIDEO LINK |
| ९ | अंगदान सम्बन्धी | BODY ORGAN DONATION TVC VIDEO LINK |
| १० | सडक दुर्घटना सम्बन्धी | ROAD ACCIDENT TVC VIDEO LINK |
| ११ | उपभोक्ता सचेतना सम्बन्धी | CONSUMER RIGHT TVC VIDEO LINK |
| १२ | बैदेशिक रोजगार/स्वरोजगार सम्बन्धी | FOREIGN EMPLOYMENT AND SKILL RELATED TVC VIDEO LINK |
| १३ | जातिय भेदभाव तथा छुवाछुत दण्डनिय उपराध सम्बन्धी | CASTE DISCRIMINATION TVC VIDEO LINK |
| १४ | जेष्ठ नागरीक सम्बन्धी | SENIOR CITIZEN TVC VIDEO LINK |
| १५ | सामाजिक सञ्जालको दुरुपयोग बारे सचेत रहने सम्बन्धी | SOCIAL MEDIA TVC VIDEO LINK |

पुनश्च: आ.व. २०८१।८२ का लागि लोककल्याणकारी विज्ञापन प्रसारण गर्न स्वीकृत स्वीकृत ८९ वटा टेलिभिजनहरुको सूचीको लागि Click गर्नुहोस ।